सर्वप्रथम यो नगरकमिटी विभिन्न कालखण्डका देशभक्तिपूर्ण आन्दोलन, लोकतन्त्र प्राप्ती एंव सामाजिक - आर्थिक रुपान्तरणका लागि भएका आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने ज्ञान अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ । यसैगरी नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलाल श्रेष्ठ, बहुदलीय जनवादका प्रणेता जननेता कमरेड मदन भण्डारी एंव पहिलो जननिर्वाचित कम्युनिष्ट प्रधानमन्त्री कमरेड मनमोहन अधिकारी लगायत वाम आन्दोलनका अग्रज व्यक्तित्वहरुप्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धा सुमन अर्पण गर्दछ । नेपालको धार्मिक ऐतिहासिक सहर मध्येको पुरानो सहर पनौती र यसको वरपरका इलाकाका अग्रजहरुले शोषण, दमन, अन्याय, अत्याचार र निरंकुशताका विरुद्ध सशक्त आवाज उठाइ आफुलाई न्याय समानता र लोकतन्त्रको कित्तामा उभ्याएर नेपालको राजनीतिक इतिहासमा पनौतीको नाम स्वर्णीम अक्षरले लेखाउन अतुलनीय योगदान गर्नुभएकोले  उहाँहरुप्रति पनि यो कमिटी उच्च सम्मान व्यक्त गर्दछ।

नेपाली जनताको बलिदानीपूर्ण संघर्षको परिणाम स्वरुप गठन भएको संविधानसभा ( दोस्रोले) जारी गरेको नेपालको संविधान २०७२ ले परिकल्पना गरेको स्थानीय तह (जसलाई अर्को शब्दमा स्थानीय सरकार) को पहिलो निर्वाचन २०७४ साल बैशाख ३१ मा सम्पन्न भएको थियो । उत्तः निर्वाचनमा देशभरका ७५३ तहहरु मध्ये नेकपा एमालेले २९४ मेयर/अध्यक्ष पद, ३३१ उपमेयर/उपाध्यक्ष पद, २५६० वडा अध्यक्ष र १०९१२ सदस्यहरुको पदमा विजयी हाँसिल गरेको थियो। यहाँहरुको विस्वास तथा भरोसाको पाटी नेकपा एमाले विभिन्न उप-बुँदाहरु सहित १७ बुँदे प्रतिवद्धता सहित निर्वाचनमा होमिएको थियो । यहाँहरुको अभुतपूर्व विस्वास र मत पाएर हाम्रो पार्टीले यस नगरको प्रमुख, उपप्रमुख सहित ६ वटा वडाहरुमा सानदार विजय हाँसिल गरेको थियो । वडा नं. ८ मा वडा अध्यक्ष बाहेकको अन्य पदहरुमा एमाले कै उम्मेदारहरुले विजय हाँसिल गर्नु भएको थियो । अन्य वडाहरुमा एमालेले फाट्फुट् विजय हाँसिल गरेको थियो । कोभिड-१९ को झण्डै दुइ वर्ष भन्दा लामो भयावह संक्रमण लगायतका थुप्रै पूर्वानुमान लगाउन नसकिने वाधा अवरोध संग जुध्दै अनेक प्रतिकुलताका बिच अनुकुलता र असहजताको बिचबाट पनि सहजताको झिल्को पहिल्याउँदै पूर्व प्रतिवद्धता अनुरुप करिब ८५ प्रतिशत काम सम्पन्न भैसकेका छन् । कतिपय कामहरु अहिले पनि सुचारु अवस्थामा रहेका छन । यहाँहरुको साथ सहयोग र समर्थनमा कतिपय नयाँ काम र परियोजनाहरु पनि सफलता पूर्वक सम्पन्न भएका छन् । पनौती नगरपालिकाले वि सं.२०७४ जेठ देखि २०७८ चैत्र सम्म नगरवासीको हित र भलाई एव नगरपालिकाको विकासको लागि विभिन्न क्षेत्रमा भए गरेका

कामहरुलाई २२ वटा शिर्षकमा समेटेर 'प्रयास र उपलब्धी' नामक पुस्तक सार्वजनिक गरेको छ। निर्वाचित जनप्रतिनिधी , सार्वभौमसत्ता सम्पन्न जनताप्रति उत्तरदायी र जवाफदेही भएको बलियो प्रमाण यहि हो।

अधिकतम प्रयास गर्दा गर्दै पनि अधिल्लो निर्वाचनमा प्रतिवद्धता गरिए अनुसार मानेश्वरी वसपार्क व्यवस्थापन, नदिको स्वच्छताका लागि प्रसोधन प्लान्ट जडान, काभ्रे उपत्यका एकीकृत खानेपानी सम्पन्न गरी शुद्ध खानेपानीको वितरण, पनौती रंगशालाको नक्साङकन अनुसार निर्माण, त्रिवेणी धाम गुरु योजनाको निर्माण र कार्यान्वयमा आशातित सफलता हासिल गर्न सकिएन। नेपथ्यका कारण अनेक भएता पनि कसैलाई दोसारोपण नगरी नेकपा एमाले पनौती नगर कमिटी यसका निमित्त क्षमाप्रार्थी छ। आगामी दिनमा पहिलो प्राथमिकतामा राखेर यी कार्य अगाडि बढाउँने प्रतिज्ञा गर्दछ।

आधिकाधिक जनताको सहभागितामा निष्पक्ष, धाँधली रहित, आवधिक निर्वाचन लोकतन्त्रको सुन्दर पक्ष हो। तोकिएको कानुनी व्यवस्थाको पालनाको लागि यहि २०७९ बैशाख ३० गते स्थानीय तहको दोस्रो निर्वाचन हुन गइरहेको छ। पनौती नगरपालिकाका स्थाइ बासिन्दा परम आदरणीय यहाँहरु सबैको उत्तरोत्तर प्रगति, दीर्घायु, सुस्वास्थ्य र समृद्धिको कामना सहित नव वर्ष २०७९ को मंगलमय शुभकामना गर्दै निर्वाचनमा सक्रिय सहभागिताको लागि आव्हान गर्दछ।

पार्टी अध्यक्ष क. के.पी. ओलीको नेतृत्वमा नेकपा एमालेले २०७२ असोज ३ मा नै संविधान जारी गर्न राखेको चट्टानी अडान, नकाबन्दीको बिरोधमा उठाएको बुलन्द आवाज, नेपाली राष्ट्रियता र सार्वभौम सत्ताको पक्षमा देखाएको साहस, समृद्ध र सुखी नेपाली बनाउँन अघि सारेका लोकप्रिय कार्यक्रमले नेकपा एमाले चुनौतीहिन अवस्थामा पुगेको छ। प्रतिदिन अन्य दलका हजारौं कार्यकर्ताको एमाले प्रवेशको लहरले पनि हाम्रो प्यारो पार्टी नेकपा एमालेको लोकप्रियता चुलिदै गएको तथ्य सहजै अनुमान लगाउँन सकिन्छ। एमालेको बढ्दो लोकप्रियताबाट आत्तिएर पार्टी भित्र र बाहिरबाट अनेक षडयन्त्रको तानाबाना बुनेर सिद्धान्तनिष्ठ नेता, कार्यकर्ता र शुभेच्छुकहरुको भावना विपरित केवल सत्तास्वार्थको लागि भएको अपवित्र गठबन्धनको कारण आफूले कहिल्यै नरुचाएको पार्टीको चिन्हमा मतदान गर्नुपर्ने बाध्यताले इमान्दार नेता र कार्यकर्तामा घोर निराशा छाएको छ। आ-आफ्नो पार्टीको नीति, विचार, दृष्टिकोण र सिद्धान्तको साथ जनताको बीच गएर लोकप्रियताको यथार्थ स्थिति थाहा पाउने अवसरको रुपमा आवधिक निर्वाचनको उपयोग नगरेर निर्वाचनको मर्मलाई क्षतविक्षत पार्ने षड्यन्त्रको सम्बन्धमा २१ औं शताब्दीका नेपाली मतदाता सचेत हुनैपर्छ। यस्ता सबै तानाबानाको सशक्त प्रतिकार गर्दै अनेक राष्ट्रिय, अन्तर्राष्ट्रिय षड्यन्त्रलाई चिर्दै नेपाली जनताको आड, भरोसामा हुर्कदै, बढ्दै नेपाली राजनीतिको मूलधारको पार्टी बन्न सफल नेकपा एमाले फेरी यहाँहरुको अमूल्य मतले निर्वाचनमा विजय हासिल गरेर नेपाल र नेपालीको सेवा गर्ने दृढसङ्कल्पका साथ निर्वाचनको मैदानमा उत्रेको छ। सोही अनुरुप पनौती नगरपालिकाका बाह्रवटै वडा सहित प्रमुख, उपप्रमुख पदमा अत्यधिक बहुमतका साथ विजय हासिल गर्ने दृढ विश्वास लिएका छौं। सूर्यध्वजावाहक उम्मेदवारहरुले विजय हासिल गरेपछि आगामी ५ वर्षमा गरिने कामको संकल्प फेहरिस्त (प्रतिवद्धता-पत्र) सार्वजनिक गरिएको छ।

बाह्रवटै वडा कमिटीहरु, पार्टीको तर्फबाट विजयी पूर्व जनप्रतिनिधि, स्थानीय बुद्धिजीवी एवं सामाजिक, साँस्कृतिक, धार्मिक अभियन्ताहरुसँगको समन्वय र सहयोग तथा पनौती नगरपालिकाको आवश्यकताको आधारमा यो प्रतिवद्धता-पत्र तयार गरिएको छ। यो केबल चुनावी औपचारिकता मात्र

नभएर नेकपा एमाले पनौती नगर कमिटी र एमालेको तर्फबाट निर्वाचन विजय हासिल गर्ने जनप्रतिनिधिले पाइलापाइलामा पालना गर्ने संहिता हो । पनौती नगरपालिकाको बाह्रवटै वडाहरुमा समन्यायिक आधारमा पूर्वाधारको विकास गर्ने, विकास गरिएको पूर्वाधारलाई आधिकारिक नगरपालिकावासीको आय आर्जन, रोजगारी र सुविधाको पक्षमा उपयोग गर्ने, विकास मानिसको लागि मानिसले गर्ने उपक्रम भएको तथ्यलाई आत्मसात गर्दै मानवीय पूँजी निर्माणलाई उच्च प्राथमिकतामा राख्ने, शिक्षा, स्वास्थ्य र सरसफाईलाई विकासको मूल आधार मान्दै, पनौती नगरपालिकाका धार्मिक, साँस्कृतिक, ऐतिहासिक, परम्परागत सम्पदा र विकासलाई राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गरी पर्यटन केन्द्रको रुपमा उभ्याउने, प्राकृतिक स्रोत साधनको वर्तमानमा अत्युत्तम प्रयोग गर्दै भविष्यका सन्ततिको लागि तिनीहरुको जगेर्ना गर्ने, पनौतीको आधा भन्दा बढी आकाश ढाक्ने महिलाहरुको सशक्तिकरण, नीति निर्माण र निर्णयको तहमा उच्च सहभागिता, सबैखाले हिंसा र प्रताडनाबाट उन्मुक्ति, भावी कर्णधार बालबालिकाको समग्र व्यक्तित्व विकास, घरपरिवार, समाज, देशका लागि उल्लेख्य योगदान गरेर विश्रामको चरणमा पुग्नु भएको जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षा सहितको उच्च सम्मान, सभ्य र शिक्षित समाजको कलङ्कको रुपमा रहेका सबैखाले विभेद्को अन्त, सिंचाई सुविधासहितको प्रविधिमैत्री व्यावसायिक कृषि, महत्वपूर्ण शैक्षिक हबको रुपमा पनौतीको पहिचान, आर्थिक अनुशासन र सुशासन कायमको प्रतिज्ञाको साथ यो प्रतिवद्धता पत्र सार्वजनिक गरिएको छ। आशा छ, भावी दिनैमा यसैलाई यहाँहरुले नेकपा एमाले र यसका जनप्रतिनिधिहरुको मूल्याङ्कनको आधार बनाउने गरी अहिले मेयर, उपमेयर सहित बार्हवटै वडाहरुमा नेकपा एमालेका उम्मेदवारहरुलाई अत्यधिक मतले बिजयी तुल्याउनु हुनेछ। यहाँहरुको अमूल्य मत नै नेकपा एमालेको बिजयको आधार हो।

**स्थानीय तह निर्वाचान २०७९ का लागि नेकपा एमाले पनौतीको मूख्य प्राथिकताहरु:**

- स्थानीय पूर्वाधारको समुचित विकासः पनौती नगर विकासको मूल आधार।
- पनौतीमा गुणस्तरीय शिक्षाको आधारः प्राविधिक शिक्षाको विस्तार र सामुदायिक विद्यालय सुधार
- स्वस्थ, सफा, हरियाली, सुन्दर साँस्कृतिक पनौतीः स्वस्थ, सुखी र खुशी पनौती नगरवासी
- कृषि, सहकारी, उद्योग, संस्कृति र पर्यटनः पनौतीबासीको आर्थिक समृद्धिको ठोस आधार
- सामाजिक न्याय, सुशासन र मानवअधिकारः पनौती नगरको खास पहिचान
- सीप, ज्ञान, रोजगारी सहितका जिम्मेवार युवाः समृद्ध पनौतीका आकर्षक गहना
- उचित संरक्षण गरिएका बालबालिका र वृद्धवृद्धाः पनौती नगरको वैभव अथाह

**प्रतिवद्धताहरु:**

१. **स्थानीय विकास र पूर्वाधार**

क. पर्याप्त स्थान र सुविधाहरुसहितको बसपार्कको व्यवस्थापनलाई पाहिलो प्राथमिकतामा राखी कार्य अगाडी बढाइनेछ । मानेश्वरी स्थित बसपार्कलाई प्रस्थान र आगमन तथा पनौती भ्रमणमा आउने पाहुनाहरुको लागि आवश्यक जानकारी दिने सूचना केन्द्रको रुपमा स्थापित गरिनेछ।

ख. वडाका प्रमुख केन्द्रहरुसम्म पुग्नेगरी सडकहरुलाई कालोपत्रे वा ढलान गरी पक्की

बनाइनेछ।

ग. पुण्यमाता, रोशी, लिलावती, सुडीखोलाहरुको दायाँ वायाँ करिडोर निर्माण गरिने छ।

घ. घनावस्ती भएका स्थानहरुमा भारीमालबाहक सवारीसाधनहरुको लागि छुट्टै सडकको व्यवस्थागरिनेछ।

ङ. महालक्ष्मी नगरपालिका, धुलिखेल नगरपालिका तथा नमोवुद्ध नगरपालिकासंग समन्वय सहकार्य गरी लाँकुरीभन्ज्याङ तथा नमोवुद्धमा सुरुङमार्ग निर्माणको सम्भाव्यता अध्ययन गरी कार्य अगाडि बढाइनेछ।

च. बनेपा-पनौती-खोपासी-कामीडाडा-फापरवारी-हेटौडा सडकलाई संघ/प्रदेश सरकारसंग समन्वय गरी बैकल्पिक राजमार्गको रुपमा विकसित गरिनेछ।

छ. ग्वार्को-लाँकुरीभन्ज्याङ-पनौती-दाहालटार-चौकीडाडा-कटुन्जेवेशी सडकलाई संघ/प्रदेश सरकारसंग समन्वय गरी बैकल्पिक राजमार्गको रुपमा थप व्यवस्थित गरिनेछ।

ज. पनौती-खोपासी-ढुंखर्क-मिल्चे-बोराङ-फापरवारी सडक संघ/प्रदेश सरकारसंग समन्वय गरी निर्माण तथा स्तरोन्नती गरिनेछ।

झ. पनौती-महेन्द्रज्योती-बासडोल-भैसेपाटी-बनेपा सडक संघ/प्रदेश सरकारसंग समन्वय गरी स्तरोन्नती गरिनेछ।

ञ. खोपासी-बल्थली-टोड्के-भुग्देउ सडक संघ/प्रदेश सरकारसंग समन्वय गरी स्तरोन्नती गरिनेछ।

ट. नागेचौर-सल्मिटार -बल्थली -भुग्देउ सडकलाई संघ/प्रदेश सरकारसंग समन्वय गरी स्तरोन्नती गरिनेछ।

ठ. ढल्मले-हुलाक- काठमाडौ युनिभर्सिटी हाइ स्कुल - धुलिखेल सडक संघ/प्रदेश सरकारसंग समन्वय गरी स्तरोन्नती गरिनेछ।

ड. पनौती मल्पी रोशी जोरघट्ट, गुर्दुम, पुछारी सडक संघ/प्रदेश सरकारसंग समन्वय गरी स्तरोन्नती गरिनेछ।

ढ. लामाबगर पुल - कलाती - मगरगाउँ - पार्थली - ढुंखर्क सडकलाई संघ/प्रदेश सरकारसंग समन्वय गरी स्तरोन्नती गरिनेछ।

ण. चाम्लेबजार-घिमिरेगाउ-भंगेरी-बासडोल भैसेपाटी बनेपा सडक संघ/प्रदेश सरकारसंग समन्वय गरी स्तरोन्नती गरिनेछ।

त. चालिसे- नयागाउ -फुलचोकी सडक संघ/प्रदेश सरकारसंग समन्वय गरी स्तरोन्नती गरिनेछ।

थ. चालिसे-चामखर-बाँसडोल-साँगा सडक संघ/प्रदेश सरकारसंग समन्वय गरी निर्माण गरिनेछ।

द. ढाडाचौर-बुढापोखरी-रानीकोट सुर्यविनायक सडक संघ/प्रदेश सरकारसंग समन्वय गरी स्तरोन्नती गरिनेछ।

ध. मानेदोभान-मुरलीखोला-रानीकोट-भक्तपुर सडक संघ/प्रदेश सरकारसंग समन्वय गरी स्तरोन्नती गरिनेछ।

न. मानेदोमान-खानीखोला-फूलचोकी पर्यटकीय सडक निर्माणको कार्यलाई संघ/प्रदेश सरकारसंग समन्वय गरी अगाडि बढाइनेछ।

ऩ. मानेदोभान स्थित फूलचोकी मन्दिरको म्एच तयार गरी मन्दीर निमार्ण गरिनेछ।

प. मदन भण्डारी प्रौधोगिक विश्वविद्याल निर्माणको कार्य अगाडि बढाउन संघ/प्रदेश सरकारसंग समन्वय गरिनेछ।

फ. बोक्सेदह-घिमिरेगाउ-नयापुल-आशापुरी-भक्तपुर सडक संघ/प्रदेश सरकारसंग समन्वय गरी निर्माण तथा स्तरोन्नती गरिनेछ।

ब. मानेदोभान-खानीखोला-गोदावरी सडक संघ/प्रदेश सरकारसंग समन्वय गरी निर्माण तथा स्तरोन्नती गरिनेछ।

भ. बोक्सेदह-मोक्षधाम-चिण्डु-रोशी सडक संघ/प्रदेश सरकारसंग समन्वय गरी निर्माण तथा स्तरोन्नती गरिनेछ।

म. ठाडबाटो-सल्ले-विकलाङ्ग अस्पताल-बनेपा सडक संघ/प्रदेश सरकारसंग समन्वय गरी निर्माण तथा स्तरोन्नती गरिनेछ।

य. गणेस्थान-देविस्थान-वि पी-राजमार्ग सडक संघ/प्रदेश सरकारसंग समन्वय गरी निर्माण तथा स्तरोन्नती गरिनेछ।

र. पनौती क्षेत्रीय रंगशाला-शहिदपार्क- भालेश्वर मा वि - चालिसे सडक संघ/प्रदेश सरकारसंग समन्वय गरी निर्माण तथा स्तरोन्नती गरिनेछ।

ल. ओमडाडा-देविस्थान- च्त्इ सडक संघ/प्रदेश सरकारसंग समन्वय गरी निर्माण तथा स्तरोन्नती गरिनेछ।

व. खोपासी-पस्थली-सिङ्गेपाटी-नौविसे-जाकीडोल-वि पी हाइवे संघ/प्रदेश सरकारसंग समन्वय गरी स्तरोन्नती गरिनेछ।

श. नौविसे-पिपलबोट-धुलिखेल सडक संघ/प्रदेश सरकारसंग समन्वय गरी स्तरोन्नती गरिनेछ।

ष. शंखु-बल्थली-ख्याकु-खोपासी सडक संघ/प्रदेश सरकारसंग समन्वय गरी निर्माण तथा स्तरोन्नती गरिनेछ।

स. संघ/प्रदेश सरकारको सहयोगमा प्रारम्भ भएका पुन्यमाता खोला (पञ्चेको बगैचा) पुल, रोशीखोला पुल (थाक्लेचौर- रेशमखेती) पुल, रोशीखोला पुल, (बाउन्ने भण्डारीगाउ सडक) रोशीखोला पुल (बालुवा - वडा नं १० र ११ जोड्ने) ढडिन पुल (वडा नं १), चौतारा पुल ( पनौती १२) शिघ्र निर्माण सम्पन्न गरिनेछ।

ह. पनौती पावर हाउस पुल, खोपासी सल्मिटार पुल, दुधमिल प्रहरी प्रतिष्ठान पुल, रोशी बजार पुल लगायत पुलहरुको निर्माणका लागि संघ/प्रदेश सरकारसंग समन्वय गरी निर्माण गरिनेछ।

ह. वडाहरुमा आफ्नै सुविधायुक्त प्रशासनिक भवनहरु निर्माण गरिनेछ।

क्ष. नगरभित्रका ५५० वटा सडकहरुलाई हिउद बर्षा नै सञ्चालन हुने गरी स्तरोन्नती गरिनेछ।

त्र. नगर भित्रका सडकहरुको स्थाई रेखाङ्कन र आवश्यकतानुसार नयाँ नामाकरणहरु गरिनेछ।

ज्ञ. कम्तिमा ३००० जनाको क्षमताको पनौती नगरभित्र एक आधुनिक सभाहल निर्माण गरिनेछ।

क. वास्तविक भुमिहिन पहिचान गरी आवास सुविधा उपलब्ध गराउन आवस्यक प्रयत्न गर्नुका साथै अव्यवस्थित वसोबास व्यवस्थित गराउन आवश्यक व्यवस्था मिलाइने छ।

## २. शिक्षा

क. शिक्षण सिकाई क्रियाकलापलाई बालमैत्री, प्रविधिमैत्री, २१ औ शताव्दी सुहाउँदो तुल्याई पनौती नगरपालिकालाई गुणस्तरीय शिक्षाको हवको रुपमा विकास गरिनेछ ।

ख. सबै विद्यालयहरुलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउन प्रोत्साहन, क्षमता विकास र अनुगमनलाई प्रभावकारी बनाइनेछ।

ग. सवै सामुदायिक विद्यालयहरुको पूर्वाधार (भवन, कक्षाकोठा, फर्निचार आदि) लाई बालमैत्री, सुरक्षित, भयरहित र आकर्षक रुपमा विकास, निर्माण तथा सुधार गरी सुविधायुक्त तथा आकर्षक शैक्षिक वातावरणको विकास गरिनेछ।

घ. आगामी ५ बर्षमा कम्तिमा ४ वटा माध्यमिक तहका सामुदायिक विद्यालयहरुलाई अत्याधुनिक भौतिक पूर्वाधार सहितको नमुना विद्यालयको रुपमा विकास गरिनेछ।

ङ. आगामी ५ बर्षमा कम्तिमा ४ वटा १-८ तहका आधारभूत विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गरिनेछ।

च. आगामी ५ बर्षमा कम्तिमा ५ वटा १-५ तहका आधारभूत विद्यालयहरुलाई नमुना विद्यालयको रुपमा विकास गरिनेछ।

छ. आगामी ५ बर्षमा कम्तिमा ५ वटा बालबिकास केन्द्रहरुलाई नमुना बालबिकास केन्द्रको रुपमा विकास गरिनेछ।

ज. नगरका सवै विद्यालयहरुमा रिस, तनाव, निराशा लगायतका दैनिक मानवीय जीवनका समस्या समाधान गर्ने उदेश्यले ध्यान, योग, संगित, नृत्य, नाटक, चित्रकला जस्ता क्रियाकलापहरुलाई प्रवर्दन गर्दै खुशी रहन सिकाउने पाठ्यक्रम (Happiness Curriculum) र बालबालिकाहरुलाई पढ्दै कमाउदै भन्ने अवधारणालाई साकार पार्न उद्यमशीलता पाठ्यक्रम ९भ्लतचभउचभलभगचकजष्ठ ऋगचचष्अगमि० निर्माण गरी लागु गरिनेछ।

झ. नगरभित्रका ५-१५ उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालयमा टिकाइराख्ने थप कार्यक्रम निर्माण गरी लागु गरिनेछ।

ञ. विद्यालय व्यवस्थापन समितिहरुको क्षमता अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गरि वि. व्य. स. हरुलाई थप जिम्मेवार र प्रभावकारी बनाइनेछ।

ट. नगरभित्रका प्रत्येक टोलमा आवश्यकताका आधारमा आधुनिक शिशु स्याहार केन्द्र र पूर्व प्राथमिक शिक्षालयको व्यवस्था गरिनेछ।

ठ. सिकाई उपलव्धि र विद्यार्थी संख्याका आधारमा सामुदायिक विद्यालयहरुलाई थप अनुदान उपलव्ध गराइनेछ।

ड. सवै विद्यालयहरुमा दिवा खाजालाई थप गुणस्तरीय र थप परिणामको लागि आवश्यक थप बजेट व्यवस्थापन गरिनेछ। विद्यार्थीको विद्यालय छोड्ने दर कम गर्न दिवा खाजालाई क्रमशः कक्षा १० सम्म व्यवस्थापन गरिनेछ।

ढ. पूर्व प्राथमिक शिक्षालाई थप गुणस्तरीय बनाउन आवश्यक पूर्वाधार निर्माण, स्रोत सामग्री व्यवस्थापन, लगायतका कार्यलाई जोड दिइनेछ। पूर्व प्राथमिक तहमा वालविकास र कक्षा १ बीचमा कम्तिमा एक अर्को तह थप गरी दुई तहको बनाइनेछ। यसबाट सामुदायिक र संस्थागत विद्यालयबीचको दुरी कम हुने अपेक्षा गरिएको छ।

ण. विपन्न विद्यार्थीलाई शैक्षिक सामग्री निःशुल्क प्रदान गरिनेछ।

त. क्यापसहरुको क्षमता विस्तार र गुणस्तर बृद्धिमा सहयोग पुर्याइनेछ । सामुदायिक क्याम्पसहरुमा अध्यापन गर्ने जनशक्तिको सेवा सुविधा समयानुकुल र व्यवस्थित बनाउने

कार्यमा सहजीकरण गरिनेछ।

थ. शिक्षकहरुको पेशागत क्षमता अभिवृद्धि गर्ने किसिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ। वर्ष शिक्षक घोषणा गरी उत्कृष्ट शिक्षकहरुलाई सम्मान र पुरस्कार प्रदान गरिनेछ।

द. सामुदायिक बिद्यालयको मासिक रूपमा अनुगमन गरि शिक्षकको क्रियाशिलता, सुसांख्य प्रयोगशाला ,बिज्ञान प्रयोगशाला ,दिवा खाजा, सेनेटरि प्याड बितरण, शैक्षिक सामाग्री, पुस्तकालयको उचित ब्यबस्थापन र नियमित प्रयोगका लागि प्रोत्साहन,पुरस्कार,दण्ड र जरिवानाको ब्यवस्थापन गरि लागु गरिनेछ।

ध. प्रदेश, संघसँगको समन्वय र सहकार्यमा नगरपालिकाको उपयुक्त स्थानमा ' शिक्षा तालिम केन्द्र' को स्थापना गरिनेछ।

न. सामुदायिक शिक्षामा केन्द्रित रहेर योगदान पुर्याउने व्यक्ति र संस्थाहरुको पहिचान गरी आवश्यक सहयोग र सहकार्य गरिनेछ।

ऩ. नगरपालिकाको लगानीमा श्रम बजारको समेत अध्ययन तथा विश्लेषण गरी थप प्राविधिक शिक्षालयहरुको विकास गरिनेछ। सवैखाले प्राविधिक जनशक्ति पुरा हुने गरी सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कृषि, पशु विज्ञान, कम्प्युटर, इन्जिनियरिङ, स्वास्थ्य विषयको प्राविधिकधार सञ्चालन गरिनेछ र अध्ययन अध्यापनमा क्षऋत लाई उच्च प्राथमिकतामा राखिनेछ।

प. नगरपालिका भित्र सन्चालित प्राविधिक शिक्षालय तथा व्यावसायिक तालिम केन्द्रहरुसँग समन्वय गरी व्यावसायिक तथा प्राविधिक विषयको छोटो तथा लामो अवधिको तालिम र शिक्षालाई विस्तार गरिनेछ।

फ. पनौती जलविद्युत केन्द्रलाई जलविद्युत सम्बन्धी शिक्षालय र रेशम खेती विकास केन्द्रलाई कृषि शिक्षालयको रुपमा विकास गर्न पहल गरिनेछ।

ब. आधारभूत तहमा संभाब्यताको आधारमा मातृभाषामा शिक्षणको व्यवस्था मिलाइनेछ। स्थानीय पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक तयार गरी वितरण गरिनेछ।

भ. सामुदायक विद्यालय लगायत वडाका उपयुक्त स्थानमा पुस्तकालयको व्यवस्था गरी पुस्तकालय एवं उद्यानहरुमा निशुल्क इन्टरनेट फ्रि वाइफाइ सेवा उपलब्ध गराइनेछ।

म. शैक्षिक क्षेत्रलाई शान्ति क्षेत्रको रुपमा विकास गरिनेछ। शिक्षाको प्रत्येक तहमा लैगिक समता तथा समावेशी शिक्षाको सुनिश्चित गरिनेछ।

य. सामुदायिक विद्यालयहरुमा तहगत रुपमा पर्याप्त शिक्षक तथा गैर शिक्षण कर्मचारीको व्यवस्था गरिनेछ।

र. निजी र सामुदायिक विद्यालयको बीचको भिन्नता अन्त्य गर्नका लागि आवश्यक विधि, प्रक्रिया अवलम्वन गर्दै शिक्षामा एकरुपता र समान शिक्षाका लागि प्रयास गरिनेछ।

ऱ. नगरभित्रका सामुदायिक उच्च मा वि र क्याम्पसहरुमा अध्ययन गर्ने सवै छात्राहरु एवं दलित, उत्पीडित र अत्यन्त न्युन आय भएका विद्यार्थीहरुलाई निःशुल्क अध्ययनको व्यवस्था मिलाईनेछ।

ल. प्रत्येक बर्ष प्राविधिक विषयमा उच्च शिक्षा अध्ययन गर्ने पनौती नगरभित्रका सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ।

कक. सफा र सुन्दर विद्यालयको अवधारणा अगाडि बढाउन विद्यालयहरुमा नियमित सरसफाइ र

सौन्दर्यकरणका (बगैचा लगायत) लागि आवश्यक स्रोत र कर्मचारीहरुको व्यवस्थापन गरि वातावरणमैत्री नमुना विद्यालयहरुको विकास गरिनेछ। हरित विद्यालयको अवधारणा विकास गर्न आवश्यक स्रोत व्यवस्थापन गरिनेछ।

कक. विद्यालयमा अतिरिक्त क्रियाकलाप र खेलकुदलाई विशेष प्राथमिकतामा राखेर कार्यक्रमहरु लागु गरिनेछ।

व. स्नातकोत्तर वा सो भन्दा माथिको शैक्षिक योग्यता निर्माण गरेका नगरभित्रका व्यक्तित्वहरु पहिचान गरी उहाँहरुको डाटावेस तयार गरिनेछ। यस किसिमका योग्यता निर्माण गरेर नगरमा रहनु भएका इच्छुक व्यक्तित्वहरुलाई प्रस्तावनाको आधारमा आफ्नो ज्ञानको क्षेत्रमा अनुसन्धान र प्रकाशन लगायतका कार्यका लागि अनुदान सहयोग प्रदान गरिनेछ।

श. आधारभूत विद्यालयमा कम्प्युटर कक्षा र माध्यमिक विद्यालयहरुमा आइ. टी. ल्याव, विज्ञान प्रयोगशाला, पुस्तकालय र विषयगत प्रयोगशाला स्थापना गरी सामग्रीयुक्त बनाइनेछ।

ष. सुरक्षित शैक्षिक वातावरण विकासका लागि प्रत्येक विद्यालयको हाता संरक्षण तथा कम्पाउण्ड घेरावारलाई चरणवद्ध रुपमा अघि बढाइनेछ।

स. विपन्न असहाय र अभिभावक विहिन बालबालिकाहरुको लागि उपयुक्त स्थानमा छात्रावासको व्यवस्था गरी निःशुल्क शिक्षा उपलव्ध गराइनेछ।

ह. आधारभूत तथा माध्यमिक तहमा अध्ययनरत किशोरीहरुका लागि निःशुल्क गुणस्तरीय सेनिटरी प्याडको व्यवस्था गरिनेछ । विद्यालयहरुमा ऋजबलनष्लन च्यक तथा आराम कोठाको व्यवस्थापन कार्यलाई अगाडि बढाइनेछ।

कक. शिक्षकहरुलाई विद्यार्थीप्रति पूर्ण रुपमा जिम्मेवार र जवाफदेही बनाई १ शिक्षक १ टोलको जिम्मेवारीको अवधारणालाई अघि बढाइनेछ।

खख. एम. फिल. र विद्यावारिधि गरिरहेका विद्यार्थीहरुका लागि आवश्यक छात्रवृत्ति लगायतका सहायताहरु उपलव्ध गराइनेछ।

गग. कला साहित्यमा लाग्नु भएका व्यक्तित्वहरुमा सहायता पुग्ने किसिमका कार्यहरु सञ्चालन गरिनेछ।

घघ. छोरा छोरी दुवैलाई विना भेदभाव समान शिक्षाको अवसर प्रदान गर्न अभिभावकहरुलाई प्रेरित गरिनेछ।

ङङ. जेहेन्दार, गरिब तथा असाहय बालबालिकालाई शिक्षाको अवसरबाट वञ्चित हुन नदिन प्रत्येक वडाहरुमा 'शैक्षिक कोष ' व्यवस्था गरिनेछ।

चच. आगामी ५ वर्ष भित्रमा 'एक घर एक स्नातक 'को सपनालाई मुर्तरुप दिइनेछ।

छछ. प्रतिकूल अवस्थामा संथागत विद्यालयहरुलाई सहुलियतपूर्ण कर्जा वा अन्य राहतको व्यवस्थाको लागी प्रदेश, संघसमक्ष प्रस्ताव पेस गरिनेछ।

जज. २ घण्टा भन्दा बढि पैदल दुरी हिडेर विद्यालय आउनुपर्ने बालबालिकाहरुको लागि विद्यालय शिक्षा सहज बनाउन आवश्यक सहयोग गरिनेछ । टोल तथा समुदायको आवश्यकताका आधारमा १-३ को One Teacher School को व्यवस्था गरिनेछ।

## ३. स्वास्थ्य

क. पनौती नगरपालिकामा निर्माणाधिन २५ सैयाको पनौती नगर अस्पताल आवश्यक जनशक्ति,

औषधि, यन्त्र, उपकरण, प्रयोगशाला, तथा विशेषज्ञ सेवा सहित ३ महिना भित्र सञ्चालनमा ल्याइनेछ।

ख. वडा नं ४ स्थित टौखाल स्वास्थ्य चौकी, वडा नं ७ स्थित पनौती स्वास्थ्य चौकी, वडा नं ९ स्थित सुन्थान प्राथमिक स्वास्थ्य केन्द्र र वडा नं १२ स्थित कलाँती भुमिडाडा स्वास्थ्य चौकी भवनको यथाशिघ्र निर्माण सम्पन्न गरि संचालनमा ल्याइने छ र वडा नं ५ को चौकोट स्वास्थ्य चौकी, वडा नं ८ को मल्पी र ११ को बल्थली स्वास्थ्य चौकी सहित खरिबोट र सुब्बागाउँ शहरी स्वास्थ्य केन्द्रको जग्गा सहित सुविधायुक्त भवनको निर्माण गरिने छ सबै स्वास्थ्य संस्थाहरुको निर्माण सम्पन्न गरिने छ।

ग. सबै नगरवासीहरुको स्वास्थ्य बिमा गरिने छ। खोपासी र सुन्थान प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य बिमा मार्फत औषधि बितरणका लागि ३ महिना भित्र फार्मेसी संचालनमा ल्याइने छ।

घ. स्वास्थ्य क्षेत्रका मेरुदण्ड महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकहरुका लागि क्षमता अभिवृद्धि तालिम कार्यक्रम संचालन गर्ने, मासिक प्रोत्साहन रकममा बृद्धी गर्ने, निशुल्क स्वास्थ्य बिमा, दुर्घटना बिमाको व्यवस्था गर्ने र अध्यान अवलोकन भ्रमण कार्यक्रम संचालन गरि प्रोत्साहित गरिने छ। उमेर हदका कारण ६० बर्षमा बिदाइ हुने महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई थप रकम उपलब्ध गराइने छ।

ङ. स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन इ ७ : सर्भे गरि भूगोल जनसंख्याका आधारमा स्वास्थ्य संस्था र स्वास्थ्य सेवाका जनशक्तिहरुको दरवन्दी समायोजन गरिने छ र स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहनको व्यवस्था गरि क्षमता अभिवृद्धि तथा वृत्ति बिकासको व्यवस्था गरिने छ।

च. मानसिक रोगको डरलाग्दो अवस्थालाई न्यूनीकरण गर्न वडाहरुमा मासिक रुपमा मानसिक रोग बिशेषज्ञबाट मानसिक स्वास्थ्य क्लिनिक संचालन गरि परिक्षण, परामर्श, उपचार तथा निशुल्क औषधि वितरण गर्ने र मनोसामाजिक परामर्शदाता नियुक्त गरि मानसिक समस्या रोकथाम तथा नियन्त्रणमा परिचालन गरिने छ।

छ. ४० बर्ष नाघेका सबै नगरवासीको बर्षको एक पटक पूर्ण स्वास्थ्य परिक्षण गर्ने व्यवस्था गरिनेछ। प्रत्येक वडामा संचालित स्वास्थ चौकीमा हप्ताको दुई दिन एमविविएस डाक्टरबाट बहिरंग सेवा संचालन गरिनेछ।

ज. महिलाहरुको पाठेघर मुखको क्यान्सरको परिक्षण (VIA) र स्तन क्यान्सर परिक्षण (Mammography) सहित किशोरीहरुका लागि पाठेघर मुखको क्यान्सर बिरुद्दको ज्एख खोप निःशुल्क रुपमा लगाउने व्यवस्था गरिनेछ साथै स्वास्थ्य महिनावारी अभियान संचालन गरिने छ।

झ. सबै वडा स्वास्थ्य केन्द्रहरुमा नसर्ने रोगहरुको बिशेषज्ञ चिकित्सकबाट परिक्षण र उपचारको व्यवस्था गरिने छ मुटु मृगौला क्यान्सर मधुमेय दम जस्ता रोगहरुको अभियानका रुपमा रोकथाम नियन्त्रण परिक्षण तथा उपचार कार्यक्रम संचालन गरिने छ कडा रोग लागेका बिरामीहरुका लागि थप उपचार खर्च उपलब्ध गराइने छ दिर्घ रोग लागेका बिरामीहरुलाई औषधि तथा स्वास्थ्य सामाग्री उपलब्ध गराइने छ।

ञ. कुपोषण समाप्त पारिनेछ मातृ पोषण, बालबालिका र किशोरी पोषण कार्यक्रम प्रभावकारी

बनाउन पोषण युक्त सन्तुलित खानपान, खाद्य सुरक्षा र बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन गरिने छ। खाद्यान्नमा हुने विषादीको प्रयोग न्यूनीकरणका लागि अभियान संचालन गरिने छ।

ट. जेस्ठ नागरिक, बिपन्न, अपाङ्गता भएका नगरवासीको सहज औषधि उपचारको व्यवस्था गरिने छ। अपाङ्गता भएका नगरवासीको निःशुल्क स्वास्थ्य विमा गरिनेछ। सवै नागरिकको पहुँचमा स्वास्थ्य विमा पुर्याइनेछ।

ठ. मदिरा सेवन धुम्रपान र लागु औषधि प्रयोगलाई निरुत्साहित गर्न जागरण कार्यक्रम संचालन गरिने छ।

ड. मोतियाबिन्दु, हर्निया, हाइड्रोसिल, फिस्टुला जस्ता रोगहरुको निशुल्क उपचार गरिने छ।

ढ. बिद्यालय भर्ना हुने सबै बालबालिकाहरुको शैक्षिक सत्रको सुरुमा स्वास्थ्य परिक्षण गरिने छ। बिद्यालय स्वास्थ्य कार्यक्रम संचालन गरिने छ विधालयका बिधार्थी मार्फत “स्वस्थ परिवार स्वस्थ नगर” अभियान संचालन गरिने छ।

ण. खरिबोट आयुर्वेदिक केन्द्रको स्तरोन्नति र अन्य वडाहरुमा थप नागरिक आरोग्य केन्द्रहरुको स्थापना गरिने छ। परम्परागत उपचार गर्ने धामी झाक्रीलाइ समेत स्वास्थ्य कार्यक्रममा सहभागी गराइने छ।

त. पूर्ण खोप नगरपालिका, गर्भवतीको निशुल्क परिक्षण बर्थिंग सेन्टरमा सुत्केरी गराउने तथा सुत्केरी जाचको व्यवस्था गरिने छ शुन्य होम डेलिभरी पालिका बनाइने छ सुत्केरी हुन बर्थिंग सेन्टर जान आउन निशुल्क एम्बुलेन्सको व्यवस्था गरिने छ।

थ. वडा नं १० को खोपासी प्राथमिक स्वास्थ्य केन्द्र, वडा नं ७ पनौती स्वास्थ्य चौकी, वडा नं २ को कुशादेवी स्वास्थ्य चौकी गरि हाल संचालित ३ वटा बर्थिंग सेन्टर र ४ वटा प्रयोगशालालाइ जनशक्ति र औजार उपकरण व्यवस्था गरि थप सुबिधासम्पन्न बनाइने छ क्रमशः सबै वडाका स्वास्थ्य संस्थामा बर्थिंग सेन्टर, प्रयोगशाला संचालन गर्ने र बिशेषज्ञ चिकित्सकको  व्यवस्था गरि नगरवासीलाइ गुणस्तरीय सेवा प्रदान गरिने छ।

द. सबै स्वास्थ्य स्वास्थ्य संस्थाहरुको लागि नेपाल सरकारले तोकेका निःशुल्क बितरणका औषधि सहित थप औषधि फर्निचर औजार उपकरण कम्प्युटर, प्रिन्टर र इन्टरनेटको व्यवस्था गरिने छ।

ध. सबै वडामा “नियमित योग, स्वस्थ र सक्रिय नगरवासी” अभियान संचालन गरिने छ। मासिक घुम्ति स्वास्थ शिबिरको सुनिश्चितता गर्ने र ४० भन्दा बढि धुम्ती स्वास्थ शिबिर स्थापना गरिनेछ।

न. सहकारी र निजि क्षेत्रसंग समन्वय गर्दै स्वास्थ्य सेवा प्रभावकारी बनाइने छ।

ऩ. प्रत्येक वडामा पायक पर्ने स्थानमा सुरक्षित खोपकेन्द्रहरुको विस्तार गरिनेछ।

## ४. खानेपानी तथा सरसफाई

क. एकीकृत खानेपानी आयोजनालाई ‘सर्वग्राहक एक सम्मान ’ भन्ने निति अनुरुप अधिकारीक जनता लाभान्वित हुने गरी सम्पन्न गर्न अधिकतम प्रयास गरिनेछ। एकिकृत खानेपानी परियोजना शुरु नहुने अवधिसम्म पानीको दिगो र स्वस्थ मुहान खोजि वैकल्पिक उपायको माध्यमबाट शुद्ध पिउने पानीको व्यवस्था गरिनेछ। उक्त आयोजनाले नसमेट्ने क्षेत्रहरुमा थप

योजनाहरु मार्फत पानी उपलब्ध गराउने प्रबन्ध मिलाइनेछ।

ख. परम्परागत पानीका स्रोतहरुको पहिचान र अभिलेखिकरण संरक्षण गर्न आवश्यक बजेट व्यवस्थापन गरिनेछ।

ग. एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइनेछ र आगामी ५ वर्षभित्र सवै घरमा शुद्ध पिउने पानीको धारा पुर्याइनेछ। यस कार्यक्रमलाई व्यवस्थित बनाउन उपभोक्ता समितिहरुको गठन र सञ्चालन प्रणालीमा सुधारका लागि व्यवस्था गरिनेछ।

घ. खानेपानी स्रोत उपलव्ध नभएका स्थानहरुमा लिफ्ट लगायतका वैकल्पिक उपायहरुको खोजी गरी आवश्यक व्यवस्थापन गरिनेछ। त्यस किसिमका प्रणालीहरुमा सौर्य प्रणाली जडान गरि सञ्चालन गरिनेछ। सौर्य प्रणाली जडान नभएका ठाउँमा लिफ्ट प्रणालीबाट खानेपानी वितरण गर्ने उपभोक्ता समितिको विद्युत महसुलका लागि अनुदानको व्यवस्था गरिनेछ।

ङ. सरसफाई सम्वन्धी आधारभूत अवधारणा बुझाउने किसिमका कार्यक्रमहरु तयार गरि सञ्चालन गरिनेछ।

च. ँमेरो सहर म सफा गर्छु  भन्ने कार्यक्रम अभियानकै रुपमा सञ्चालन गरी सहरलाई प्रदुषण मुक्त बनाइनेछ। सरसफाइका लागि आवश्यक आधुनिक साधन र उपकरणको व्यवस्था गरिनेछ।

छ. व्यवस्थित ढल निकासको व्यवस्थापन गरिनेछ। सघन बस्ती भएका स्थानमा अग्र प्राथमिकतामा ढल निकासको विस्तार गरिनेछ।

ज. ग्रामीण इलाकामा वायोग्याँस प्लाण्टको प्रवर्धन गरी मलमुत्रलाई उर्जाको स्रोत र प्राङगरिक मलको रुपमा उपयोग गर्न प्रोत्साहित गरिनेछ।

झ. फोहोरबाट आय आर्जन गर्ने कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ। कुहिने र नकुहिने फोहर छुट्याउने, कुहिने फोहरबाट प्राङ्गारिक मलको रुपमा उपयोग गर्न जनचेतना कार्यक्रम लागु गरिनेछ र नकुहिने फोहोर पुनः प्रयोग को लागि व्यवस्था गरिनेछ। यसका लागि साझेदारीमा कन्टेनर दिने व्यवस्था मिलाइनेछ। नगरबासीबाट विक्रीजन्य फोहोर नगरपालिकाले किन्ने व्यवस्था मिलाइनेछ।

ञ. सडकको संरक्षण, मर्मत तथा सरसफाई तथा जनस्वास्थ्य बारे समुदायको भूमिका बढाइने छ। यसका लागि समुदाय स्तरमा पकेटखर्चको व्यवस्था सहितका स्वयम् सेवकको व्यवस्था गरिने छ।

ट. पानीका मुहानहरुको नियमित सरसफाइको व्यवस्था मिलाइनेछ। मठ मन्दिर पाटीपौवा, धार्मिक स्थान र पुरातात्विक महत्वका स्थानहरुको नियमित सरसफाइको व्यवस्था मिलाइनेछ।

ठ. लिलावती, रोशी लगायतका खोलामा मिसाइएको ढलहरुको पहिचान गरि सो कार्य तुरुन्त रोकिनेछ। नदी खोलामा सोझै ढल मिलाउन पूर्ण बन्देज गरिनेछ। पुण्यमाता खोलामा ढल बन्देज गर्न बनेपा र धुलिखेल न.पा सँग सहकार्य तथा पहल गरिनेछ।

ड. डम्पिङ साइटको उचित प्रवन्ध गरिनेछ।

ढ. ढल प्रशोधन केन्द्र  स्थापना गरिनेछ।

ण. दाउराको प्रयोग गर्ने परिवारमा धुँवारहित चुह्लो प्रयोग गर्न अनुदान दिइनेछ।

त. सवै सार्वजनिक स्थानहरुमा डस्टविनहरु राखिनेछ। सार्वजनिक ठाउँमा फोहोर गरिने कार्यलाई

दण्डनीय बनाइनेछ।

थ. नगरका मूख्य सार्वजनिक स्थानहरुमा स्मार्ट सार्वजनिक शौचालयहरुको व्यवस्थापन गरिनेछ। सरसफाई कर्मचारीहरु नियुक्ति एवं परिचालन गरेर सहर सरसफाईमा लगाउने व्यवस्था मिलाईनेछ।

## ५. कृषि, सिंचाई तथा पशुपन्छी

क. निर्वाहमुखि कृषि पेशालाई तालिम,परामर्श,अनुदान तथा आवश्यक सहुदियत सुविधाको माध्यमबाट व्यवसायिक कृषि तर्फ आकर्षित गरिनेछ।

ख. कृषि बिमा शुलभव्याजदरमा सहज कृषि कर्जा,कृषि उत्पादनको पहुँच, किसान र उपभोक्ता बिचको दुरी न्यूनिकरणका लागी आवश्यक गृहकार्य गरी कृषिलाई सम्मानित पेशा बनाइनेछ। एक वडा एक कृषि उपज संकलन केन्द्र निर्माण गरिनेछ।

ग. किसानहरुले उत्पादन गरेको कृषि उपजहरु सिधै उपभोक्तासम्म पुर्याउने कार्यको व्यवस्थापन गरिनेछ।

घ. नगर स्तरीय आधुनिक कृषि बजारको निर्माण गरी सञ्चालनमा ल्याइनेछ।

ङ. कृषिलाई अत्यावश्याक सिँचाइ,उन्नत बिउ विजन,उन्नत प्रविधिको प्रयोग, रसायनिक मलको समयमै व्यवस्था गर्ने प्रभावकारी संयन्त्र निर्माण गरी कृषि क्रान्तिको कार्यलाई अगाडी बढाइनेछ।

च. कृषि योग्य जमिनको लगत संकलन ,साको अत्युत्तम प्रयोग र साधन कृषि हुने क्षेत्रमा कृषि सडकको व्यवस्थालाई उच्च प्राथमिकतामा राखी कार्य अघि बढाइनेछ।

छ. वडा, टोलस्तरमा व्यावसायिक कृषिमा संलग्न कृषकहरुको समुह निर्माण गरी उनीहरुको क्षमता अभिवृद्धिको तालिम, सिप सिकाई एवं आवश्यक सेवा सहुलियत उपलब्ध गराइनेछ।

ज. वडाहरुको भौगोलिक वनावट , त्यहाँको हावापानी, उपलब्ध हुने घाँसपात र बजारसँगको निकटता आदि तथ्यहरुको आधारमा पशुपालन, खेतीपाती गर्न प्रोत्साहित गरिनेछ।

झ. निजी साझेदारी वा सहकारी प्रारुपमा क्षेत्रगतरुपमा कम्तिमा पनि एउटा उच्च प्रविधियुक्त शीतगृह (कोल्ड स्टोर ) निर्माणको लागी प्रोत्साहित गरिनेछ।

ञ. नगरपालिका भित्र कलेज एवं माध्यामिक विद्यालयहरुलाई कृषि तथा पशुसेवा सम्बन्धि विषयको अध्यापन गराई स्थानिय जनशक्तिको उत्पादन र प्रबर्द्धनमा जोड दिन लगाइनेछ।

ट. विशेष गरी व्यवासयिक कृषि प्रणालीको प्रवर्द्धन र विस्तारका लागी कृषि सहकारीहरुलाई अधिकारीक परिचालन र प्रोत्साहित गरिनेछ।

ठ. उच्च प्रतिफलदायि पशुपालनका लागी नरलसुधार, उन्त र पौष्टिक घाँस / स्याउलाको पहिचान र विकास, खर्कको सुविधा, पशुजन्य औद्योगिक उत्पादन, वितरण र बजारीकरणका संभाव्य उपायहरु पहिचान गरी तदारुकताका साथ कार्यान्वयनमा ल्याइनेछ।

ड. दुग्ध उत्पादन एवं भैसी तथा गाइको संख्या वृद्धि गरी किसानको आय आर्जनलाई वृद्धि गर्ने उदेश्यले भैसी सुत्केरी भत्तालाई निरन्तरता दिइनेछ। गाइ सुत्केरी भत्ताको शुरुवात गरिनेछ। यसले पनौती नगर भैसी र गाइको स्रोत केन्द्रको रुपमा विकास हुनेछ।

ढ. भैसी तथा गाइ धितो राखेर किसानलाई सहुलियत ऋण प्रदान गर्न सहकारी एवं वित्तीय संस्थासंग साझेदारी कार्यक्रम लागु गरिनेछ।

ण. कृषि अनुदान व्यवस्थालाई सहज, सरल तुल्याउनका साथै सो को सदुपयोग भए, नभएको आदि विषयको नियमित अनुगमन र निगरानी गर्ने संयन्त्रको विकास गरिनेछ।

त. कृषि र पशुपालन व्यवसायका लागी संभावित सबै स्रोतहरुको बुद्धिमत्तापूर्णरुपले परिचालन आवश्यकता अनुसार पानीको व्यवस्था गरिनेछ।

थ. विशेष प्रोत्साहन र राहतको माध्यामबाट जैविक ( अर्गानिक ) खेतीलाई प्रोत्साहित गरि राष्ट्रिय एवं अन्तराष्ट्रिय बजारमा सोको पहुँच पुराउन आवश्यक सहयोग गरिनेछ।

द. स्थानीय पहिचान र विशेषता खुल्ने रैथाने बाली, पशुपन्छी वा जलचरको विकास र संरक्षण गरिनेछ।

ध. गुणस्तरीय पशु बधस्थल पशुबघशाला तथा मांसबिक्री पसलहरुको स्थापनामा जोड दिइनेछ।

न. प्रत्येक घरलाई करेसाबारी ता कौशीखोती स्थापनाको लागी प्रोत्साहित गरिनेछ।

ऩ. विदेशबाट आएका युवाहरुलाई सामुहिक वा व्यक्तिगत रुपमा कृषि एवं पशुपालन कार्य गर्न आवश्यक अनुदान तथा सहुलियत ऋणको व्यवस्था गरिनेछ।

प. कृषकहरुले उत्पादित कृषि उपजहरुमा उत्पादनको आधारमा अनुदान रकम प्रदान गर्ने व्यवस्था गरिनेछ।

फ. कृषि जमिन जोगाउनका लागि नयाँ बनेका अव्यवस्थित भेलहरुलाई खोल्सासम्म व्यवस्थापन गर्ने पक्की ड्रेनको निर्माणको नीति अंगिकार गरिनेछ।

ब. नगरपालिकाभित्र कम्तिमा एउटा घाँस स्रोतकेन्द्र स्थापना गरिनेछ र कम्तिमा एउटा माटो परिक्षण केन्द्रको स्थापना गरिनेछ।

भ. नगरका सवै किसानहरु लाभान्वित हुने गरी किसान पेन्सन योजना सञ्चालन गरिनेछ।

म. नगरमा एक कृषिबाली पशुपन्छि जोखिम कोष निर्माण गरिनेछ।

य. कृषि पेशामा संलग्नहरुको लगत तयार गरी किसान परिचय पत्र वितरण गरिनेछ। किसान परिचय पत्रको आधारमा अनुदान तथा सहुलियत ऋणको व्यवस्था गरिनेछ।

र. जंगली जनावरहरुबाट किसानको बालीमा हुने क्षति न्युनीकरण गर्ने प्रयत्न गरिनेछ। क्षति भएका किसानहरुलाई राहतको व्यवस्थापन गरिनेछ।

ऱ. मल्पी- लिलावती, नौविसेफाँट, बल्थली लगायतका ठूला सिचाई आयोजनालाई थप व्यवस्थित र विस्तारित गर्दै सिचाई पुग्ने संभावना भएका सबै खेती योग्य जमिनमा सिचाई सुविधा पुऱ्याउने गरी कार्यक्रम बनाइनेछ।

ल. नगरपालिकाको सिञ्चित भूमि क्षेत्र बढाइनेछ। ठूला सिचाई आयोजना सञ्चालन नभएका नगरका सवै कृषियोग्य जमिनहरुमा सिंचाई पुर्याउनका लागि आवश्यक व्यवस्था गरिनेछ।

कक. भूमिगत जल भण्डारणको लागि परम्परागत पोखरी संरक्षण, डाडाहरुमा सम्भाव्यता भएका स्थानमा पोखरी निर्माण गरिनेछ।

कक. सवै वडा र वस्तीमा चल्तिमा रहेका सिचाई कुलोहरु थप व्यवस्थित गरिनेछ।

व. सडक क्षेत्रमा परेको व्यक्तिगत जग्गाको एकिन गरी लगत कट्टा गराउने नीति अघि बढाइनेछ।

## ६. सहकारी

क. सहकारी मार्फत उत्पादन वृद्धि गरिनेछ।

ख. सहकारी मार्फत प्रशोधन कार्यहरु गरिनेछ।

ग. सहकारी संस्थाको दिगोपनाका लागि आवश्यक कृयाकलाप सञ्चालन गरिनेछ।
घ. सहकारी मार्फत विकासमा साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।
ङ. सहकारी संस्थाको सेवा नपुगेको क्षेत्र सेवा विस्तारबाट नयाँ संस्था प्रवर्दन गरिनेछ।
च. प्रत्येक घरमा सहकारी पुर्याइनेछ।
छ. सहकारी बजार केन्द्र निर्माण गरिनेछ।
ज. सहकारी मार्फत उद्यमशीलता तालिम र प्रशिक्षणहरु सञ्चालन गरिनेछ।
झ. सहकारी मार्फत सामुदायिक स्वास्थ्य वीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
ञ. सहकारी सूचना केन्द्र निर्माण र सञ्चालन गरिनेछ।
ट. सहकारी मार्फत पशु वीमा कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।
ठ. सहकारी संस्थाको नेतृत्व तथा व्यवस्थापकीय क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
ड. नगरस्तरीय सहकारी कोष निर्माण गरी उपयुक्त परियोजना बनाई लगानी गरिनेछ।
ढ. रोजगारीका अवसर सृजना गरिनेछ।
ण. नसमेटिएका जातजाती वर्ग समुदायलाई सहकारी संस्थाको सदस्य बनाउन आवश्यक लगानी (मानवीय वित्तीय) गरिनेछ।
त. सहकारी संस्था एकीकरण अभियान सञ्चालन गरिनेछ।
थ. वित्तीय सुशासन कायम राखिनेछ।
द. अनुगमन नियमनमा प्रभावकारीता ल्याइनेछ।
ध. कृषि, सहकारी मार्फत मल विउ, कृषि औजार उपकरणको व्यवस्था मिलाइनेछ।
न. सहकारीको अत्यावश्यक पूर्वाधार निर्माणमा सहयोगको व्यवस्था मिलाइनेछ।
ऩ. नगरस्तरीय सहकारी भवन, पुस्तकालय, तालिम हल, सभाहलको निर्माण र संचालनमा एएए :यमर्भा अनुसारको कार्य गरिनेछ।
प. सहकारी संस्था माफर्त गरिबी न्यूनिकरणका लागि वीउ पूँजीको व्यवस्था गरिनेछ।

## ७. संस्कृति तथा पर्यटन

क. सवै धर्म र संस्कृतिलाई पनौतीको धरोहरको रुपमा समान व्यवहार र श्रद्धा गरिनेछ। पनौतीमा चलनचल्तीमा रहेका परम्परा, रीतिरिवाज र संस्कृतिहरुको संरक्षणका लागि व्यवस्थित र दीर्घकालिन कार्ययोजना निर्माण गरि लागु गरिनेछ । पनौतीलाई विश्व सम्पदा सूचीमा सूचिकृत गर्न गरिएको पहललाई परिणाममुखी बनाइनेछ।
ख. प्राकृतिक तथा सांस्कृतिक सम्पदा तथा अन्य पर्यटकीय गन्तव्यबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यापक प्रचार प्रसार गरी पर्यटक आगमनमा उल्लेख्य बृद्धि गरिनेछ।
ग. विशिष्ट स्थानमा पर्यटक प्रवेश शुल्क लागु गरी नगरको आम्दानी बृद्धि गरिनेछ।
घ. पनौती नगरभित्रका उच्च स्थानहरु नागी (कुशादेवी र सल्ले), शारदादेवी स्थान, सिमपानी, चाम्खर, थुम्की (बल्थली), रानीकोट (रयाले), अमिल चौर, देवी स्थान, लामाडोल, गुर्धुम डाँडा, गोरखनाथ, द्रौपदादेवी लगायतका स्थानहरुको सौन्दर्यीकरणमा विशेष जोड दिई पर्यटक आकर्षण गरिनेछ।
ङ. पनौती बजारलाई केन्द्र बनाई यस वरपरको क्षेत्रमा ट्रेकिङ तथा हाइकिङ रुटको विकासको कार्यलाई थप अगाडि बढाइनेछ।
च. फुलचोकी गुर्दुम नागी पनौती साइक्लिङ ट्र्याकको थप व्यवस्थित र प्रचारप्रसार गरिनेछ। थप

साइक्लिङ रुटहरुको विकास सम्भाव्यता अध्ययन गरिनेछ।

छ. पनौती वरिपरिका डाडाहरुमा विभिन्न सहासिक खेलहरुको प्रवर्द्धनका योजनाहरु बनाई लागु गरिनेछ। नगरभित्रका मौलिक संस्कृति भएका खासगरी नेवार तथा तामाङ वस्तीमा त्यहाको परम्परागत संस्कृतिको जगेर्ना गर्दै पर्यर्टक आकर्षणको माध्यम बनाइनेछ।

ज. होमस्टे थप प्रवर्धन गरिनेछ। यसका लागि गैरसरकारी संस्था, पर्यटन सहकारी संस्था वा सामुदायिक संस्था गठन गरी व्यवस्थापनको लागि प्रोत्साहन गरिनेछ। होम स्टेलाई अझ प्रभावकारी सञ्चालन गर्न स्थानीय होटेल र रिसोर्टहरुसंग समन्वय गरिनेछ।

झ. कृषि र पर्यावरणसँग पर्यटनलाई जोडेर र कृषि पर्यटन तथा पर्यापर्यटन समेत विकास गरिनेछ।

ञ. पनौती संग्रहालयलाई थप विस्तार र व्यवस्थित गरिनेछ।

ट. पिकनिक स्पटको रुपमा पहिचान भएका स्थानहरुको पुर्वाधार विकास र प्रचार प्रसार गरिनेछ।

ठ. पनौती नगर क्षेत्रमा जात्रा, पर्वपुजा संरक्षण व्यवस्था गर्न आवश्यक प्रबन्ध मिलाइने छ। पनौती त्रिवेणीघाटमा साँझको आरती नियमित रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

ड. नगर क्षेत्र भित्रका महत्वपूर्ण सम्पदाका रुपमा रहेका ईन्द्रेश्वर मन्दिर त्रिवेणी घाट क्षेत्र, धनेश्वर, श्वेयत गणेश, भालेश्वर, लड्केश्वर, पशुपती मन्दिर, कुशादेवी मन्दिर जस्ता मठ मन्दिरको थप संरक्षण र सम्वर्दधन गर्ने व्यवस्था मिलाइने छ।

ढ. संरक्षण र सौन्दर्यकरण गरी ियबधयतष च्खभच म्चभक एचयवभअत सञ्चालनमा ल्याइनेछ। रोशी र लड्कु खोलाहरुमा पर्यटक आकर्षण गर्ने किसिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

ण. खोपासीको जलविदुत पोखरीलाई आकर्षक बनाई आन्तरिक र वाह्य पर्यटकको आकर्षणको केन्द्र बनाइनेछ।

त. प्रयोगमा रहेका घाटहरुलाई थप व्यवस्थित बनाइनेछ। सवै वडामा रहेका किरीयापुत्री भवनहरुको व्यवस्थापन र किरीया गर्ने स्थानहरुलाई थप व्यवस्थित बनाइनेछ।

थ. मन्दिर, गुम्वा, स्तुपा, पाटी-पौवा, सत्तल, मस्जिद र गिर्जाघरहरुको मर्मत तथा पुनर्निर्माण गरिनेछ।

द. विश्वविद्यालयहरुसंग सहकार्य गरी पनौती सम्वद्ध धर्म, संस्कृति, परम्परा तथा ऐतिहाँसिक सम्पदाको खोज, अन्वेषण र संरक्षण कार्यलाई प्रोत्साहित गरिनेछ।

## ८. महिला बालबालिका जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति, तेस्रो लिङ्गी र अन्य

क. बालविकास, बालसहभागिता, बालसंरक्षण लगायात बालमैत्री स्थानीय शासन कार्यक्रमका सवै सुचकको पूर्ण परिपालना र कार्यान्वयन अझ प्रभावकारी बनाइनेछ। बालमैत्री स्थानीय शासन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

ख. सवै वडामा कम्तिमा एउटा बाल उद्यान र सवै टोलहरुमा बालबालिकाहरुका लागि एक खेलमैदानको नीति लागु गरिनेछ। नगरस्तरीय एक वृहत बाल उद्यान निर्माण गरिनेछ।

ग. सवै बाल समूहहरुमा पर्याप्त खेलकुद सामग्रीहरुको व्यवस्थापन गरिनेछ।

घ. एक वडा एक बाल पुस्तकालयको अवधारणा लागु गरिनेछ। यसका लागि स्थानीय स्तरमा क्रियाशील गैरसरकारी संस्थाहरुसंग समन्वय गरिनेछ।

ङ. नगर स्तरीय बृहत जेष्ठ नागरिक आरोग्य केन्द्र र हेरचाह केन्द्रको निर्माण गरिनेछ।

च. सवै जेष्ठ नागरिकलाई बर्षको एकचोटी तिर्थाटनको व्यवस्था मिलाइनेछ।

छ. एकल र अशक्त महिला भत्तालाई निरन्तरता प्रदान गरिनेछ । एकल र अशक्त पुरुषलाई सामाजिक सुरक्षा भत्ता उपलव्ध गराइनेछ।

ज. सामाजिक सुरक्षा भत्ता लिन आउनको लागि वृद्धवृद्धाहरुलाई यातायातको व्यवस्था मिलाइनेछ । ८० वर्ष नाघेका ज्येष्ठ नागरिकहरुलाई स्थानीय सरकारको तर्फबाट विशेष सुविधा दिन पहल गरिनेछ।

झ. महिला सशक्तिकरण, क्षमता अभिवृद्धि र सीप विकासका कार्यलाई प्राथमिकतासाथ अघि बढाइनेछ।

ञ. नगरपालिका एवं सम्वृद्ध निकायले आयोजना गर्ने कार्यक्रममा कम्तिमा पनि एक जना महिलालाई मञ्चासीन गराइनेछ।

ट. गठन गरिने समिती, उपसमिती, कार्यदलमा कम्तिमा पनि एक तिहाइ महिलाको सुनिश्चितता गरिनेछ।

ठ. बालविवाह, अनमेल बिवाह, करकापको विवाह, वहुविवाहलाई पूर्णरुपले निषेध गरिनेछ।

ड. महिला हिंसालाई अक्षम्य सामाजिक अपराध र सभ्य समाजको कलङ्कको रुपमा ग्रहण गर्दै नगरपालिकालाई महिला हिंसा मुक्त क्षेत्रको रुपमा स्थापित गरिनेछ।

ढ. महिला सम्बन्धमा संविधान ऐन, कानून, विभिन्न सन्धि, संझौतामा उल्लेखीत व्यवस्थाको पूर्ण परिपालना गरिनेछ।

ण. आर्थिक रुपले सक्रिय हुन सक्ने उमेर समुहका महिलाले चाहेमा, वडा केन्द्रस्तरमा सिप सिकाइको व्यवस्था गरिनेछ।

त. नगरभित्रका अपाङगता भएका व्यक्तिहरुको तथ्याङ्क अद्यावधिक गरी प्रोफाइल तयार गरिनेछ ।

थ. अपाङगता भएका व्यक्तिहरु तथा तिनीहरुका परिवारलाई जिविकोपार्जन सम्वन्धी तालिम दिन् र उत्पादन भएका सामग्रीहरुको बजारीकरणको लागि सहायता उपलव्ध गराइनेछ।

द. सवै किसिमको अपाङगता भएका व्यक्तिहरुको निःशुल्क स्वास्थ्य विमा गरिदिने व्यवस्था मिलाइनेछ।

ध. अपाङ्गता भएका व्यक्तिहरुको मानवअधिकार सुनिश्चित गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।समावेशी शिक्षाको प्रवर्दन गरिनेछ।

न. निर्माण हुने सवै किसिमको भौतिक संरचनाहरु अपाङ्गतामैत्री बनाइनेछ।

## ९. युवा तथा खेलकुद

क. संघिया,प्रदेश तथा स्थानिय स्रोत साधनमा निर्माणाधिन रङ्गशालाको सम्पूर्ण कार्य सम्पन्न गरी उच्च प्राविधिक र सुविधा र अत्यावश्कीय सामाग्रीहरु युक्त भव्य एवं आकर्षक 'पनौती रङ्गशाला' सञ्चालनमा ल्याई पनौती सिरान चौरलाई खेल केन्द्रको रुपमा विकसित गरिनेछ।

ख. एक वडा न्युनतम एक खेल मैदानको व्यवस्था गरिनेछ । विहान र साँझ गरिने नियमित शारिरीक व्यायामका लागि सवै वडाका सवै टोलहरुमा कम्तिमा एउटा व्यायमशालाको निर्माण गरिनेछ।

ग. प्रत्येक माध्यमिक विद्यालयहरुमा एक खेल मैदानको व्यवस्था गरिनेछ।

घ. प्रत्येक माध्यमिक विद्यालयमा एक खेलकुद शिक्षकको अवधारणा लागु गरिनेछ।

ङ. युवाहरुलाई लोक सेवा शिक्षक सेवा लगायतका प्रतिष्पर्धात्मक परिक्षाहरुमा सहभागी हुन आवश्यक क्षमता अभिववृद्धिका निःशुल्क प्रशिक्षण कक्षाहरु सञ्चालन गरिनेछ।

च. युवाहरुलाई सीपमूलक तथा रोजगारमूलक तालिमको व्यवस्था गरी स्वदेशमै स्वआर्जनका लागि प्रोत्सहित गरिनेछ।

छ. स्वआर्जनका लागि नगरपालिका क्षेत्रभित्र रहेर व्यवसाय सञ्चालन गर्न चाहने वेरोजगार युवा र विदेशबाट फर्किएर स्वदेशमै आयआर्जन गर्न चाहने युवाहरुका लागि लागत साझेदारीमा सीप विकास र अनुदानको व्यवस्था गरिनेछ।

ज. घरेलु उद्योग स्थापना गर्न चाहने युवाहरुका लागि विशेष प्राथमिकता दिने नीति लिइनेछ।

झ. स्वरोजगारीको लागि ठोस आइडिया सहितको प्रस्तावनाको आधारमा हरेक बर्ष कम्तिमा २५ जना युवाहरुलाई बीउ पुँजी (क्भभम ःयलभथ) को व्यवस्था गरिनेछ।

ञ. विभिन्न प्रतिष्पर्धात्मक खेलकुदमा सहभागी खेलाडीहरुको मनोबल उच्च राख्नका लागि प्रोत्साहन भत्ता उपलव्ध गराइनेछ।

ट. विभिन्न खेलकुदका विषयगत क्लवहरुको क्षमता अभिवृद्धिको व्यवस्थापन गरिनेछ। १ टोल १ युवा क्लवको अवधारणा अगाडि बढाइनेछ।

ठ. नियमित रुपमा विभिन्न विधाका खेलकुद प्रतियोगिताहरु सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

ड. नगर स्तरीय युवा विकास कोष स्थापना गरि सञ्चालनमा ल्याइनेछ।

ढ. नगर खेलकुद परिषद स्थापना गरिनेछ।

ण. नगरस्तरीय नाचघर एवं नाटकघर स्थापना गरिनेछ।

## १०. उद्योग, लघु उद्योग एवं स्थानीय बजारीकरण मार्फत रोजगारी र गरिबी निवारणः

क. स्थानीय स्तरमा उत्पादित वस्तुहरुबाट हुने लघु उद्योग स्थापनालाई प्रोत्साहित गरिनेछ। यस्ता उद्योग स्थापनाको लागि अनुदान र उद्योग दर्ता प्रमाणपत्रको आधारमा सहुलियत ऋणको व्यवस्था मिलाइनेछ।

ख. स्थानीय कृषि उपजको बजारीकरणको लागि बजार क्षेत्रमा किसान स्टलहरु निर्माण गरिनेछ। यस्ता स्टलहरुमा किसान स्वयंले उत्पादन गरेको वस्तुहरुको विक्री वितरण गरिनेछ।

ग. स्थानीय उद्योगहरुमा उत्पादित वस्तु एवं सामग्रीहरुको बजारीकरणमा सहायता उपलव्ध गराइने व्यवस्था मिलाइनेछ।

घ. रोजगारी श्रृजना गरेको संख्याको आधारमा स्थानीय लघु उद्योगहरुलाई अनुदान दिइनेछ।

ङ. रोजगारी श्रृजना गर्ने उदेश्यले अनुदानमा विद्युतीय अटोरिक्साहरु सञ्चालन गरिनेछ।

## ११. बन तथा बातावरणः

क. बार्षिक रूपमा वृक्षारोपण सप्ताह धोषणा गर्ने र प्रत्यक बर्ष स्थानिय वातावरण अनुकुल १०००० बिरुवा बृक्षारोपण गरिनेछ

ख. सामुदायिक बनभित्र फलफुल, जडिवुटी लगायतका बिरुवाहरु वृक्षारोपण गरि आय आर्जनसंग जोडिनेछ।

ग. निर्माण सम्पन्न भएका सडक किनारालाई वृक्षारोपण गरी हरियाली बनाइनेछ।

घ. नगरभित्रका सामुदायिक वनको प्रभावकारी व्यवस्थापन र उपयोगका लागि उपभोक्ता समितिहरुको सक्षमता विकासका कार्यक्रम लागु गरिनेछ।

ङ. नगरभित्रका उपयुक्त सार्वजनिक स्थानहरुलाई पार्कको रुपमा विकास गरिनेछ।

च. संभाव्यताको आधारमा चिडिया खाना एंव खुल्ला चिडियाखानाको स्थापना गरिनेछ।

छ. वनक्षेत्र भित्र जडिबुटि, फलफूल तथा मसलावालीको खेतीलाई उपभोक्ता समिति वा कवुलियती वन समूह मार्फत प्रोत्साहन गरिनेछ।

ज. बजार क्षेत्रमा 'एक घर एक रुख' अभियान संचालन गरिनेछ।

झ. संभाव्यताको आधारमा 'एक टोल एक उद्यान' कार्यक्रम संचालन गरिनेछ।

ञ. जथाभावी खानी उत्खनन् कार्यलाई नियन्त्रण एवं नियमन गरिनेछ। पानीको स्रोत तथा वातावरणीय सन्तुलन कायम राख्न आवस्यक समन्वय गरिनेछ। खानी क्षेत्रको पर्यावरणीय विकासमा विशेष जोड दिइनेछ।

ट. दीगो विकास लक्ष्य अनुरुपका योजनाहरु निर्माण गरि कार्यान्वयन गरिनेछ।

ठ. पर्यावरणीय सन्तुलनका कार्यहरुलाई प्राथमिकताका साथ पर्यावरणीय पर्यटनको प्रवर्दन गरिनेछ।

## १२. विद्युत एवं सडकवत्ती, स्थानीय यातायात

क. विद्युत वितरण प्रणालीलाई सुरक्षित र भरपर्दो बनाउन पहल गरिनेछ। जीर्ण र जोखिमयुक्त पोलहरु प्रतिष्थापन गरि नया पोलहरु राखिनेछ।

ख. विद्युतको कार्य गर्न प्रामाणिक र तालिम प्राप्त व्यक्तिहरुलाई सुरक्षा मापदण्ड पालना गरेर मात्र फिल्डमा काम गर्ने व्यवस्था मिलाइनेछ।

ग. जोखिमयुक्त नांगो तार भएका स्थानमा सुरक्षित ब्यक्ष केवल राख्ने व्यवस्था मिलाइनेछ।

घ. भोल्टेज कम भएका स्थानमा भोल्टेज थप गर्ने व्यवस्था मिलाइनेछ।

ङ. विद्युत शुल्कमा विपन्न नागरिकहरुलाई थप अनुदानको व्यवस्था गरिनेछ।

च. स्थानीय यातायातलाई थप सुलभ र व्यवस्थित बनाउन आवश्यक प्रवन्ध मिलाइनेछ।

छ. राइड सेयरिङको अवधारणालाई प्रोत्साहित गरिनेछ।

## १३. नागरिक सुरक्षा, खाद्य सुरक्षा र विपत व्यवस्थापन

क. संवेदनशील क्षेत्रमा सि.सि क्यामरा मार्फत सुरक्षा निगरानी गर्ने व्यवस्था गरिनेछ।

ख. चोरी, डकैती, लुटपाट नियन्त्रणका लागि प्रभावकारी नीति बनाई लागु गरिनेछ। नागरिकको सुरक्षाका लागि नगर प्रहरीको व्यवस्था मिलाइनेछ।

ग. सम्भावित खाद्य संकटलाई मध्यनजर गर्दै सहकारी मार्फत खाद्यसुरक्षा योजना निर्माण गरिनेछ।

घ. घरेलु हिंसा निराकरणका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

ङ. विपद व्यवस्थापनका लागि आवश्यक सामग्रीको भण्डारनको क्षेत्रगत व्यवस्था गरिने छ।

च. विपद न्युनीकरण एवं विपद्को समयमा अपनाउनु पर्ने सावधानी बारे चेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

छ. प्रत्येक टोलमा विपद पर्दा उद्धार गर्न चाहिने आवश्यक उपकरणहरु चुस्तदुरुस्त अवस्थामा राख्ने व्यवस्था गरिनेछ ।बढ्दो सहरीकरण सँगै बढ्दो आगोलागी लगायतका जोखिम

निवारणका लागी ५ वर्षको अवधिमा कम्तिमा पनि २ वटा दमकलको व्यवस्था गरिनेछ।

ज. बाढि,पहिरो वा अन्य कारणले गर्दा सडक यातायात अवरुद्ध हुँदा सर्वसाधरणको उद्धारको लागी धेरै भन्दा धेरै पनौती वासिको पायक पर्ने स्थानमा कम्तिमा पनि ३ वटा हेलिप्याड बनाइनेछ।

झ. विपत व्यवस्थापनका क्रममा स्थानीय स्तर रहेका सुरक्षा निकाय र यस क्षेत्रमा काम गर्ने संघसंस्थासंग समन्वय गरी संयन्त्र निर्माण गरी परिचालन गरिनेछ। प्रत्येक टोलका इच्छुक युवाहरुलाई विपद व्यवस्थापन सम्वन्धी तालिम प्रदान गरिनेछ।

## १४. सूचना तथा सञ्चारः

क. पनौती नगरपालिकाले आफ्नै एफ.एम रेडियो संचालन वा कुनै एफ.एम रेडियो संग सहकार्य गरी नगरपालिकाका योजना, कार्यक्रम र गतिविधि तथा नागरिकका कामकर्तव्य बारे सुचना तथा जानकारी दैनिक रुपमा प्रशारण गर्ने व्यवस्था मिलाइनेछ। साथै अनलाइन तथा वेबसाइट मार्फत पनि सूचना सम्प्रेषण गरिने छ।

ख. नियमित रुपमा नगरवासीहरुसँग टोलटोलमा नागरिक सुनुवाईको व्यवस्था गरिनेछ।

ग. नगरपालिका कार्यालय तथा सबै वडा कार्यालयहरुमा सुझाव पेटिका राखी सुझाव लिने व्यवस्था मिलाइनेछ। नगरपालिका कार्यालयमा गुनासो तथा सूचना अधिकारीको व्यवस्था गरिनेछ।

घ. पनौती नगरलाई स्मार्ट सिटिका रुपमा विकसिति गरिने छ।

ङ. नगरका सबै क्षेत्रमा टेलिफोन सेवाको व्यवस्था मिलाइने छ।

च. नगर स्तरिय सुचना केन्द्रको व्यवस्था मिलाई एकद्वार प्रणालीबाट सुचना सम्प्रेषणको व्यवस्थापन मिलाइनेछ।

छ. नगर क्षेत्र भित्रबाट प्रकाशन प्रसारण हुने संचार जन्य गतिबिधिहरुको स्तरियता कायम राख्न छेमता विकास गर्न प्रोत्साहित गराउन आवस्यक व्यवस्था मिलाइनेछ।

ज. फ्रि वाइफाइ सेवा नपुगेका सार्वजनिक स्थलहरुमा यो सेवा उपलव्ध गराइनेछ।

## १५. सुशासन र मानव अधिकारः

क. स्थानीय सरकारलाई जनताप्रति पूर्ण प्रतिवद्ध बनाइनेछ। आधुनिक प्रविधिको अधिकतम प्रयोगबाट सहज र सरल दैनिक प्रशासनिक सेवा प्रदान गरिनेछ।

ख. घटना दर्ता र सामाजिक सुरक्षा भत्ताको होम डेलिभरीको व्यवस्था मिलाइनेछ।

ग. कानुनी शासन सुशासन, पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व र भ्रष्ट्राचारप्रति शुन्य सहनशिलताको नीति अंगिकार गरिनेछ।

घ. नागरिक प्रतिको उत्तरदायित्व र जवाफदेहितालाई मध्यनजर गरी स्थानीय सरकार संचालन गरिनेछ।

ङ. घरेलु हिंसा लगायतका अपराध गर्नेलाई दण्ड सजाय गरी दण्डहीनताको पूर्ण रुपमा अन्त्य गरिनेछ।

च. सुशासनका विधि र औजारहरुको प्रभावकारी प्रयोग गरी नगरवासीहरुलाई सुशासनको प्रत्याभूति दिईनेछ।

छ.	मानव अधिकार पूर्ण सम्मान गर्दै सामाजिक न्यायपूर्ण एवं सांस्कृतिक सदभावपूर्ण पनौती निर्माण प्रमुख प्राथमिकता हुनेछ।

ज.	मानव अधिकारको संरक्षण र सम्वर्द्धन गरिनेछ।

झ.	मानव अधिकारको नियमित अनुगमन गर्दै मानव अधिकार उल्लंघनका घटनाहरुका दोषीलाई कार्वाही गरिनेछ।

ञ.	विपन्न जनतालाई निःशुल्क कानूनी सेवा उपलब्ध गराइनेछ। जनताको न्यायिक पहुँच सहज र सुनिश्चत बनाइनेछ।

ट.	स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धि गरिनेछ।

ठ.	स्थानीय न्यायिक समितिका निर्णयहरु यथासिघ्र कार्यान्वयन गराउने र त्यसको अनुगमन गर्ने संयन्त्रको विकास गरिनेछ।

***आदरणीय आमा, बुवा, दिदी बहिनी तथा दाजुभाईहरु,***

देशभर अहिले नेकपा एमालेको पक्षमा आएको अभूतपूर्व जनलहर, स्वयम् पनौती नगरपालिका भित्रपनि बहुसंख्यक जनताले नेकपा एमालेको पक्षमा देखाएको समर्थन, स्थानीय तहको अघिल्लो निर्वाचनको नतिजा, निकट भविष्यमा हुने संघ तथा प्रदेशको निर्वाचन परिणामको पूर्वसङ्केत पनि स्थानीय तहको यो निर्वाचन भएको तथ्यलाई हृदयङ्गम गर्दै समृद्ध र स्वाधिन नेपाल, स्वावलम्बी, स्वाभिमानी र सुखी नेपालीको महाअभियानलाई साकार पार्न नेकपा एमालेको सूर्य ध्वजावाहक उम्मेदवारको पक्षमा यहाँको अमूल्य मत दिन र दिन लगाउनु हुन पनौती नगर कमिटी हार्दिक अपिल गर्दछ। तपाईं नेकपा एमालेलाई निर्धक्कसँग आफ्नो अमूल्य मत दिनुहोस्, नेकपा एमाले यहाँलाई सुन्दर, सुसंस्कार, सभ्य र विकसित पनौती नगर निर्माणको बचन दिन्छ।

***बाह्वटै वडामा सूर्यध्जवा फरर***
***पक्कै राम्रो हुन्छ हाम्रो पनौती नगर ॥***

**हाम्रो सङकल्पः**

- हाम्रा जनप्रतिनिधिहरू शासक होइन, जनताका सेवक हुने छन्।
- हाम्रा जनप्रतिनिधिहरू सामाजिक जागरण र विकासका अभियन्ता हुनेछन्।
- हाम्रो नेततृवमा रहेका पालिकाहरू सुशासनका नमुना बन्ने छन्।
- हाम्रा जनप्रतिनिधिहरूले सदाचारमा दृष्टान्त स्थापित गर्नेछन्।
- हाम्रा जनप्रतिनिधिहरूले आफूले कुनै भ्रष्टाचार गर्ने छैनन् र कडाइका साथ भ्रष्टाचार नियन्त्रण गर्ने छन्।
- हाम्रा जनप्रतिनिधिहरूले भ्रष्टाचारी, व्यभिचारी, अनियमितता र सार्वजनिक सम्पत्तिको दोहन गर्नेहरूलाई कानुनी कार्बाहीको दायरामा पुर्याउन अग्रणी भमूिका खेल्ने छन्।